नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय, बनखुचौर
महाभारत - ६, काभ्रेपलाञ्चोक

पत्र संख्या : २०८०/८१
चलानी नं : ९८

Email: aaobanakhu@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय
बनखुचौर, काभ्रेपलाञ्चोक

मितिः २०८०/०९/२२

श्री वडा कार्यालय (१ - ८),
महाभारत गाउँपालिका, काभ्रेपलाञ्चोक।

**विषयः त्रुटी रहित सिफारिस पठाउने सम्बन्धमा।**

प्रस्तुत विषयमा तहाँ वडा कार्यालयहरुबाट यस इलाका प्रशासन कार्यालयमा विभिन्न सिफारिसहरु गर्ने क्रममा त्रुटिहरु हुने भएकोले चुस्त सेवा प्रवाहमा बाधा उत्पन्न भएको छ। तहाँ कार्यालयहरुबाट सिफारिस गर्ने क्रममा हुने/ हुनसक्ने विभिन्न त्रुटीहरु र तिनीहरुको समाधानको सूची पाना संख्या ४ (चार) यसैसाथ संलग्न गरी पठाईएको छ। उल्लेखित विषयहरु अध्ययन गरी सिफारिस गर्ने क्रममा कागजात राम्रोसँग अध्ययन गरी त्रुटि रहित सिफारिस पठाउनु हुन जानकारीका साथ अनुरोध छ।

कार्यालय प्रमुख
.........................
शिवहरी दाहाल
(शाखा अधिकृत)

## नागरिकता सिफारिस गर्दा वडा कार्यालयबाट हुने/ हुनसक्ने त्रुटिहरु र सोको समाधानः

| क्र.सं. | हुने/ हुनसक्ने त्रुटिहरु | हुनुपर्ने व्यहोरा |
|---|---|---|
| १ | अनुसूची - १ फाराम पातलो, कमसल कागज प्रयोग गरी, निवेदकको औँठाछाप तथा दस्तखत नगराई एवं विवरण नेपालीमा मात्र भरेर पठाउने | अनुसूची - १ फाराम गुणस्तरिय नेपाली कागजमा प्रिन्ट भएको, नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८० (२०८०/०६/०४ मा संशोधित) बमोजिमको हुनुपर्ने; निवेदकको दायाँ वायाँ औँठाछाप तथा दस्तखत गराई एवं विवरण नेपाली र अंग्रेजी दुबैमा भरी पठाउनु पर्ने। |
| २ | अनुसूचीमा प्रमाणित फोटो भन्दा फरक फोटो नागरिकता प्रमाणपत्रका लागि लिएर आउने गरेको | अनुसूचीमा प्रमाणित गरिएको जस्तै फोटो नै नागरिकता र अभिलेख पुस्तिकामा राख्नुपर्ने भएको हुँदा फोटोमा एकरुपता हुनेगरी निवेदकलाई पठाउनु पर्ने। |
| ३ | नागरिकता अनुसूची फारम पूरा नभरी पठाउने जस्तै (बाबु/ आमाको नाम, ठेगाना, जन्ममिति आदि) | नागरिकता अनुसूची फारम भर्दा बाबु/ आमाको नाम, ठेगाना, जन्ममिति आदि पुरा र प्रष्ट रुपमा भरेर पठाउनु पर्ने। |
| ४ | सनाखत बस्ने व्यक्ति सिफारिसमा उल्लेख भए भन्दा फरक तथा तीन पुस्ता भन्दा बाहिरको समेत आउने | सनाखत बस्ने व्यक्ति तीन पुस्ता भित्रको र सिफारिसमा जसको नाम उल्लेख छ निज स्वयं आउनु पर्ने। |
| ५ | सनाखतका लागि आमा, बाबु वा तीन पुस्ता भित्रका व्यक्ति आउनु पर्नेमा अरुलाई नै पठाउने | सनाखतका लागि आमा, बाबु वा तीन पुस्ता भित्रका व्यक्ति (सक्कल नागरिकताको प्रमाणपत्र र सोको छायाँप्रति सहित नाता खुल्ने नाता प्रमाणित पत्र समेत लिएर) आउनु पर्ने। |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय बनेपा/धुलिखेल, काभ्रेपलाञ्चोक

| क्र.सं. | हुने/ हुनसक्ने त्रुटिहरू | हुनुपर्ने व्यहोरा |
|---|---|---|
| ६ | हालसालै खिचेको (स्पष्ट मुखाकृति देखिने) पासपोर्ट साइजको फोटो हुनुपर्नेमा पुरानै फोटो राखी सिफारिस गर्ने | दुबै कान देखिने, हालसालै खिचेको, स्पष्ट मुखाकृति देखिने २.५x३ से.मी. साइजको फोटो राखी सिफारिस गर्नुपर्ने। |
| ७ | वडा अध्यक्षले मुखाकृत बिग्रिने गरी फोटोमा दस्तखत गर्ने | वडा अध्यक्षले दस्तखत गर्दा फोटोमा समेत पर्नेगरी तर मुखाकृत नबिग्रिने गरी गर्नुपर्ने। |
| ८ | सिफारिस तथा अनुसूचीमा वडा अध्यक्षको दस्तखत, छाप र कार्यालयको छाप छुट्ने, चलानी नम्बर छुट्ने | सिफारिस तथा अनुसूचीमा वडा अध्यक्षको दस्तखत, छाप र कार्यालयको छाप एवम् चलानी नम्बर छुटे नछुटेको रुजु गरी पठाउनु पर्ने। |
| ९ | नाता प्रमाणित गर्दा विवरण नखोली पठाउने | नाता प्रमाणित गर्दा आवश्यक कागजातका आधारमा फोटो मुनी नाम र नाता सम्बन्ध समेत खुलाई पठाउने। |
| १० | घटना दर्तामा बाजे/ बाबु/ आमाको नाम, नागरिकता नम्बर, जारी मिति लगायत गल्ती हुने | घटना दर्तामा बाजे/ बाबु/ आमाको नाम, नागरिकता नम्बर, जारी मिति लगायत विवरण रुजु गरी सहि भएको व्यहोरा एकिन गर्ने। |
| ११ | मार्कसिटको साथमा चारित्रिक प्रमाणपत्र नराखी सिफारिस गर्ने | सिफारिस गर्दा मार्कसिट, चारित्रिक प्रमाणपत्र समेत संलग्न गरी पठाउनु पर्ने। |
| १२ | बाबु वा आमाको मृत्यू भएको अवस्थामा मृत्यूदर्ता प्रमाणपत्र संलग्न नगराई पठाउने | बाबु वा आमाको मृत्यू भएको अवस्थामा अनिवार्य रुपमा मृत्यूदर्ता प्रमाणपत्र संलग्न गरी पठाउनु पर्ने। |
| १३ | घटना दर्ताको प्रतिलिपि जारी गर्दा पुरानो दर्ता मिति नराखी प्रतिलिपि बनाएकै मिति उल्लेख गरी पठाउने | घटना दर्ताको प्रतिलिपि जारी गर्दा पुरानो दर्ता मिति र प्रतिलिपि जारी मिति दुबै उल्लेख गरी जारी गर्नुपर्ने। |

| क्र.सं. | हुने/ हुनसक्ने त्रुटिहरु | हुनुपर्ने व्यहोरा |
|---|---|---|
| १४ | सबै स्थानीय तहका वडामा Online घटना दर्ता (VERSP-MIS) प्रणाली लागू भइसकेको भएता पनि हातले लेखेको घटना दर्ता प्रमाणपत्र नै सिफारिस साथ आउने | हातले लेखेको घटना दर्ता प्रमाणपत्रको Online Entry गरी Digital घटना दर्ता प्रमाणपत्र सिफारिस साथ पठाउनु पर्ने। |
| १५ | कार्यवाहक वडा अध्यक्षको जिम्मेवारी दिइएको पत्रको बोधार्थ जिल्ला/ इलाका प्रशासन कार्यालय नपठाउने | कार्यवाहक वडा अध्यक्षको जिम्मेवारी दिइएको पत्रको बोधार्थ जिल्ला/ इलाका प्रशासन कार्यालयमा अनिवार्य रुपमा पठाउनु पर्ने। |
| १६ | २० वर्षभन्दा बढी उमेरको अविवाहित महिलाको नागरिकता प्रमाणपत्र सिफारिस गर्दा अविवाहित प्रमाणित नगरी सिफारिस गर्ने | २० वर्षभन्दा बढी उमेरको अविवाहित महिलाको नागरिकता प्रमाणपत्र सिफारिस गर्दा अनिवार्य रुपमा अविवाहित रहेको प्रमाणित गरी सिफारिस गर्नुपर्ने। |
| १७ | विवाह गरिसकेको महिलालाई अविवाहित भनी सिफारिस गर्ने | विवाह गरिसकेको महिलाको नागरिकता नबनेको अवस्थामा निजको पतिको ठेगाना रहेको स्थानबाट नै नागरिकता प्रमाणपत्र जारी हुने र माईतिबाट नागरिकता बनाउन नमिल्ने भएकोले निजलाई अविवाहित भनी सिफारिस गर्न नहुने। |
| १८ | घटना दर्ता र शैक्षिक योग्यताको प्रमाणपत्रमा फरक फरक नाम, जन्ममिति, बाबु आमाको नाम आदि सिफारिस गर्ने | घटना दर्ता र शैक्षिक योग्यताको प्रमाणपत्रमा फरक नाम, जन्ममिति, बाबु आमाको नाम भए सो कुरा मिलाएर मात्र सिफारिस गर्नुपर्ने। |

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक

| क्र.सं. | हुने/ हुनसक्ने त्रुटिहरु | हुनुपर्ने व्यहोरा |
|---|---|---|
| **नाबालक परिचय पत्रको सिफारिस गर्दा तहाँबाट हुने/ हुनसक्ने त्रुटिहरुः** | | |
| १ | बाबु आमाको नागरिकता, विवाह दर्ता, नाबालकको जन्मदर्ता लगायतका आवश्यक प्रमाणको सक्कल नपठाउने | बाबु आमाको नागरिकता, बाबु आमाको विवाह दर्ता, नाबालकको जन्मदर्ता लगायतका आवश्यक प्रमाणको सक्कल प्रमाणपत्र पठाउनु पर्ने। |
| २ | सिफारिसमा टाँसेकै जस्तो फोटो ५ प्रति पठाउनु पर्नेमा सो नपठाउने | सिफारिसमा टाँसेकै जस्तो फोटो ५ प्रति पठाउनु पर्ने। |
| ३ | तोकिएको ढाँचामा सिफारिस गर्नु पर्नेमा सो नगर्ने गरेको | तोकिएकै ढाँचामा सिफारिस पठाउनु पर्ने। |



नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक